Rupantaran : A Multidisciplinary Journal
Vol. III : 153-158, March, 2020
ISSN : 2091-0061
Research Management Cell (RMC)
Dhankuta Multiple Campus, Dhankuta
Tribhuvan University, Nepal

# कर राजस्वमा सामाजिक सुरक्षा करको योगदान

डा. दिलनाथ दंगाल[1]
*इमेल : dangaldilnath@gmail.com*

## सार

*देशको सामाजिक एवम् आर्थिक क्षेत्रमा सवाङ्गीण विकास गरी देश सञ्चालन गर्नका लागि राजस्व चाहिन्छ । कर र गैर कर स्रोत गरी राजस्वका मुख्य दुई वटा स्रोतहरू छन् । राजस्वको कर स्रोतहरूमा मूल्य अभिवृद्धि कर, भन्सार कर, अन्तशुल्क, आयकर, मालपोत र सवारी कर पर्दछन् भने गैर कर स्रोत अन्तर्गत दस्तुर तथा शुल्क, दण्ड र जरिवाना, सेवा शुल्क लाभांश तथा ब्याज, रोयल्टी, साँवा फिर्ता, दान तथा उपहार पर्दछन् । हाम्रो देशमा सामाजिक सुरक्षा कर भने चाहिँ नौलो प्रयोग हो । सामाजिक सुरक्षा भन्ने कुरा सभ्य समाजको अपरिहार्य तत्त्व हो । यसै कुरालाई मध्यनजर राख्दै नेपालमा पनि सामाजिक सुरक्षा करको कानूनी व्यवस्था गरिएको छ । प्रस्तुत लेखमा यही सामाजिक सुरक्षा करको सेरोफेरोलाई विश्लेषण गरिएको छ ।*

**मुख्य शब्दावली :** राजस्व, कर, गैरकर, सामाजिक सुरक्षा कर, आयकर

## परिचय

सरकारले जनताबाट प्राप्त गर्ने भुक्तानीलाई राजस्व भनिन्छ। भुक्तानीहरूमा कर तथा गैर कर राजस्वहरू पर्दछन् (अधिकारी : २०६८) । प्रत्यक्ष कर र अप्रत्यक्ष कर आधुनिक अवधारणाहरू हुन् । प्रत्यक्ष कर भनेको यस्तो कर हो जुन व्यक्तिमाथि कर लगाइन्छ यसको भार र प्रभाव उही व्यक्तिमा पर्छ अथवा एक जनाले अर्कोमा करको भार सार्न सक्दैन भने त्यो प्रत्यक्ष कर हुन्छ। जुन करको प्रभाव एक जनामा र अन्तिम प्रभाव अर्को व्यक्तिमा पर्छ त्यसलाई अप्रत्यक्ष कर भनिन्छ (ज्ञवाली : २०६८) ।

नेपालमा आय तथा सम्पत्तिमा असुली गरिने करलाई प्रत्यक्ष कर, वैदेशिक व्यापारमा आधारित वस्तुगत कर तथा वस्तु र सेवामा आधारित आन्तरिक करमा समेटिनेलाई अप्रत्यक्ष कर तथा दस्तुर शुल्क बिक्रीबाट प्राप्त आय, सावाँ, रोयल्टी, लाभांश जस्ता आयलाई गैरकर राजस्व अन्तर्गत राखिएको छ । त्यसैगरी अर्को व्यवस्था नभएसम्मका लागि पारिश्रमिक आयआर्जन गर्ने व्यक्तिहरूबाट करयोग्य आयको पहिलो स्ल्याब (Slab) मा एक प्रतिशत कर लगाउने व्यवस्था नै सामाजिक सुरक्षा कर हो (अर्थ मन्त्रालय, २०६६) ।

## उद्देश्यहरू

**यस लेखमा निम्नलिखित दुईओटा उदेश्यहरू राखिएका छन् :**

क) सामाजिक सुरक्षा करको इतिहास उल्लेख गर्नु ।

ख) कर राजस्वमा सामाजिक सुरक्षा करको योगदान विश्लेषण गर्नु ।

१. लेखक त्रिभुवन विश्वविद्यालय, रत्न राज्यलक्ष्मी क्याम्पस, काठमाडौंमा अर्थशास्त्र विषयको उपप्राध्यापक पदमा कार्यरत हुनुहुन्छ ।

## अध्ययन विधि

यो लेखमा नेपालमा प्रचलित सामाजिक सुरक्षा करको अध्ययन गर्नको लागि द्वितीय स्रोतको प्रयोग गरिएको छ । यसका लागि नेपाल सरकार अर्थमन्त्रालयबाट प्रकाशित आर्थिक सर्वेक्षणहरू, बजेट वक्तव्यहरू, विभिन्न अनुसन्धानात्मक लेखहरू, अप्रकाशित शोधपत्रहरू, विभिन्न पुस्तकहरू र वेव ठेगानाको सहयोग लिएर तथ्याङ्कको व्याख्या र विश्लेषण गर्न वर्णनात्मक विधिको प्रयोग गरिएको छ ।

## करको विकासक्रम

मानवको विकासक्रमलाई हेर्ने हो भने सभ्यताको विकास सँगसँगै कुनै न कुनै रूपमा आर्थिक क्रियाकलापमा संलग्न हुँदै आएको देखिन्छ । प्राचीनकालमा मानिसहरू जङ्गलका ओढार, रूखको ओत, नदीका किनाराका खोँचरूमा बस्ने गर्दथे । त्यस समयमा उनीहरू आफ्नो जीवनको रक्षा गर्नका लागि धारिलो ढुङ्गा, लट्ठी वा त्यस्तै अन्य वस्तुको प्रयोग गर्ने गर्थे । उनीहरू आहाराको खोजीमा जुन ठाउँमा पुग्थे त्यो ठाउँमा अनुकूल भए सम्म बस्ने गर्थे भने प्रतिकूल हुनासाथ ठाउँ सर्ने गर्थे । त्यो प्राचीनकालको समय मानव जीवनको असभ्य, जङ्गली बर्बताको युग थियो । यो समयमा पनि आफ्ना क्रियाकलाप गर्ने क्रममा मानिसलाई एक अर्काको सहयोग चाहिन्थ्यो र उनीहरूले एक अर्काको सहयोग र सहकार्य गर्ने गर्थे । यस्तो सहयोग र सहकार्य उनीहरूलाई हिंस्रक जङ्गली जनावरबाट जोगिन, सिकार खोज्न वा खाने कुरा सङ्कलन गर्नका लागि आवश्यक पर्थ्यो । यस पछि सहयोग र सहकार्यको श्रृंखलामा बृद्धि हुँदै गयो । यसरी एक अर्काको सहयोग र सहकार्यको माध्यमबाट मानव सभ्यताको सुरुवात भयो । पछि जङ्गली युगबाट बिस्तारै मानिस सभ्य समाजमा प्रवेश गर्न थाल्यो । यही सभ्यताको सुरुवात सँगसँगै मानिस कृषि युगमा प्रवेश गर्न सुरु गऱ्यो र बिस्तारै आर्थिक क्रियाकलापमा सामेल हुन थाल्यो । यी क्रियाकलापहरूको थालनी सँगसँगै कामको बाँडफाँड, वस्तु तथा सेवा उत्पादन सुरु भयो । यस्तै आर्थिक क्रियाकलापको संयोजन गर्नका लागि समूहमा एक जना नाइकेको आवश्यकता महसुस हुन पुग्यो र उक्त नाइकेले कामको बाँडफाँड गरिदिने, आफ्नो समूहको रक्षा गर्ने आदि काम गर्न सुरु गऱ्यो । यस्ता क्रियाकलाप गरिदिएवापत समूहका अन्य सदस्यहरूले आफ्नो समूहको नाइकेलाई आफूले सङ्कलन गरेको सिकार वा अन्य खाद्य वस्तुको केही भाग उपलब्ध गराउन थाले यहाँबाट नै प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा करको सुरुवात भएको हो । यसरी सुरुवात भएको कर प्रणाली ईशापूर्व ३२१ वर्षदेखि २९९ वर्षसम्म पूर्विय दार्शनिक,नीतिज्ञ एवं अर्थशास्त्री कौटिल्यको समयमा आएर विवाहका सम्बन्धको, भोजनदानका सम्बन्धको, यज्ञकर्म, जन्मोत्सव, देवपूजा, मुण्डन, व्रतबन्ध, गोदान आदि धार्मिक प्रयोजनका मालमाथि कर लगाउनु हुँदैन (लुइटेलः २०६८) र बाँकी क्रियाकलापमा भने कर लगाउनु पर्छ भन्ने भनाइका आधारमा पनि यो समयसम्म आइपुग्दा कर अनिवार्य जस्तो भइसकेको देखिन्छ । वर्तमान समयसम्म आइपुग्दा कर यति महत्त्वपूर्ण भइसक्यो कि यसको अभावमा संसारका अल्पविकसित वा विकसित कुनै पनि देशहरूको आर्थिक गतिविधि चल्न सक्दैन ।

विश्वमा आयकर लगाउने प्रथाको सुरुवात युद्धको कारणले भएको हो । युद्धका लागि स्रोत सङ्कलन गर्ने उद्देश्यले आयकर लगाउन थालिएको हो । बाह्रौं शताब्दीमा बेलायतबाट सुरु भएको आयकर सत्रौं शताब्दीमा फ्रान्समा युद्धकै लागि स्रोत जुटाउने उद्देश्यले सुरु गरिएको थियो । संयुक्त राज्य अमेरिकामा सन् १८६० को दशकबाट यो कर लागु भयो । सन् १९१० को दशकमा नियमित गरिएको यो कर सन् १८६० देखि नै भारतमा पनि सुरु भयो । पशुपालन, माछामार्ने व्यवसाय, कृषि व्यवसायमा सुरुमा कर लगाइने गरिएको थियो । हिन्दु धर्मको आफ्नो कमाइको केही अंश सरकारलाई दिनुपर्छ भन्ने सिद्धान्त अनुरूप नेपालमा पनि प्राचीन कालदेखि नै खेती, पशुपालन र व्यवसायमा विभिन्न नामले कर असुली हुन थाल्यो (अग्रवालः २०३७) । ऐतिहासिक कालमा खेतीको आम्दानीको छैटौं, आठौं र बाह्रौं भागमा कर लिने प्रचलन थियो । पशुमा पचास भागको एक भाग राजस्व असुल हुन्थ्यो (ज्ञवाली : २०६८) । किराँतकालमा नेपालमा कुथेर, सुल्ली, लिगवल र मापचोकबाट राजस्व असुल

गरिन्थ्यो। कुथेरले कार्यालयको काम गर्दथ्यो। त्रिकरको चलन थियो, कृषिमा भाग, पशुमा भोग र व्यापारमा करकै नामले कर असुल गरिन्थ्यो। दाउरामा सिकर लाग्दथ्यो। विशेष गरेर लिच्छविकालमा कर सुधारका कार्यहरू भए। पशुपालनमा राँगा र सुगुँरमा कर लाग्दथ्यो। अंशुवर्माले लसुन प्याजमा लाग्ने कर हटाए। राणाकाल कर प्रणाली नै नभएको समय थियो। उनीहरूको समयमा कर हुकुम र ठेक्कामा आधारित थियो। भन्सार कर लागेपनि प्रत्यक्ष करको सम्बन्धमा भने कुनै व्यवस्था थिएन (अधिकारी : २०६८)।

## नेपालमा सामाजिक सुरक्षा कर

अल्पविकसित देशको रूपमा परिचित नेपाललाई विकसित र आर्थिक रूपमा सम्पन्न राष्ट्र बनाउने हामी सबै नेपालीको चाहना हो। देशलाई सम्पन्नतामा परिणत गर्न गुणस्तरीय जिवन यापन गर्ने हरेक नागरिकको चाहना पुरा गर्नुपर्ने राज्यको दायित्व हुन आउँछ। त्यही दायित्वहरूमध्ये सामाजिक सुरक्षा पनि एउटा महत्त्वपूर्ण दायित्व अन्तर्गत पर्दछ। यस्तो दायित्व पुरा गर्न राज्यको ढुकुटी बलियो पार्नुपर्छ। यही ढुकुटी बलियो पार्ने क्रममा नेपालमा भखरै सामाजिक सुरक्षा करको सुरुवात भएको छ अथवा सरकारले करको दायरा फराकिलो पार्ने क्रममा आर्थिक वर्ष २०६६/६७ बाट सामाजिक सुरक्षा करको थालनी भएको छ।

समाजमा रहने मानव जातिको राजनीतिक, कानुनी र आर्थिक सुरक्षा सम्बन्धि कुरालाई निर्दिष्ट गर्नका लागि अब्राहम् एप्सटेन (Abraham Epstein) नामक एक अमेरिकी समाजशास्त्रीले सर्वप्रथम आफू संलग्न भएको एक सङ्गठन (The American Association for Social Security) बाट सामाजिक सुरक्षा शब्दको थालनी गरेको पाइन्छ। यसैसँग सान्दर्भिक रहेर अमेरिकामा सर्वप्रथम (The Social Security Act, 1935) प्रयोग गरियो र यसले आर्थिक र सामाजिक सुरक्षाको कानुनी मान्यता हुनुपर्ने जोड दिँदै गयो। सोही अनुरूप सन् १९४० मा अन्तर्राष्ट्रिय श्रम सङ्गठन (International Labour Organization) ले (Approach to Social Security) भन्ने एक प्रतिवेदन तयार गरेपछि यसले संसारभरि मान्यता र प्राथमिकता पाउँदै गयो। यसपछि नागरिकहरूको हित र कल्याणकारी कार्यका लागि कानूनी र आर्थिक कार्यक्रमहरू बन्ने र बनाउने कार्यको श्रृङ्खला चलिरहेको देखिन्छ (श्रेष्ठ : २०७४)।

नेपालमा सामाजिक सुरक्षाको विषयको इतिहास त्यति लामो छैन यसको आवश्यकता सम्बन्धी लामो समयको बहस र अन्तरक्रिया पछि कमैया, सुकुम्बासी, हलिया तथा चरुवा लगायतका आर्थिक तथा सामाजिक रूपले पिछडिएका वर्गहरूलाई जग्गा लगाएतका आर्थिक तथा सामाजिक सुरक्षाको व्यवस्था गर्ने नीति लिने गरी सर्वप्रथम नेपालको अन्तरिम संविधान २०६३ ले सामाजिक सुरक्षालाई राज्यको दायित्व अन्तर्गत रहने गरी उल्लेख गरिएको छ (कानुन किताब व्यवस्था समितिः २०६३)। नेपालमा सामाजिक सुरक्षाको अवधारणा नयाँ भएको कारणले गर्दा त्यति प्रभावकारी देखिँदैन तर अमेरिका, क्यानडा, अस्ट्रेलिया जस्ता देशहरूमा भने यो सामाजिक रूपले सभ्य र कानुनी रूपले शक्तिशाली छ। यहाँ उल्लेख गरे अनुसार देश धनी होस् या गरिब सबै खाले समाजमा रहेका व्यक्तिहरूले जीवनका जोखिमसँग सामना गर्ने प्रभावकारी कदमका रूपमा लिइन्छ। नेपालमा सामाजिक सुरक्षा एउटा अत्यावश्यक अवधारणाको रूपमा भित्रिएकाले यो विषयलाई तत्कालीन अर्थमन्त्री डा. बाबुराम भट्टराईले २०६५ साल असोज ३ गते व्यवस्थापिका संसदमा पेस गरेको बजेट भाषणमा सामाजिक सुरक्षा र सदाचारको विकासको कार्यनीति भनी महानगरपालिका, उपमहानगरपालिका र नगरपालिकाको क्षेत्रभित्र मदिरा बिक्री गर्ने कार्य रोक्ने र बिक्री सञ्चालन गर्ने हो भने दैनिक अत्यावश्यक वस्तुभन्दा बाहिर छुट्टै स्थान दिई बिक्री गर्नुपर्ने भनी उल्लेख गरेको देखिन्छ (अर्थ मन्त्रालय : २०६५)। यसले एकातिर मदिरा बिक्री व्यवस्थित र मर्यादित भएको देखिन्छ भने अर्कोतर्फ राजस्व सङ्कलनमा योगदान पुगेको पनि महसुस हुन थालेको छ। नेपाल सरकार अर्थमन्त्रालय अन्तर्गतको आन्तरिक राजस्व विभागले यो कुराको अनुगमनको जिम्मा पाएबाट भने बजार झन् व्यवस्थित हुनुका साथै व्यापारीहरू पनि प्रोत्साहित भएको देखिन्छ।

देशमा सामाजिक सुरक्षा प्रदान गर्ने स्पष्ट स्वरूप बनिसकेको अवस्थामा २०६६ साल असार २९ गते तत्कालीन नेपाल सरकारका अर्थमन्त्री सुरेन्द्र पाण्डेले व्यवस्थापिका संसदमा पेस गरेको बजेट भाषणमा सामाजिक सुरक्षा तथा समाजमा अवाञ्छित कार्यहरू नियन्त्रण गरी शान्ति सुरक्षाको कार्यलाई प्रभावकारी बनाउन लिएको रणनीतिमा वृद्धभत्ता, असाहय भत्ता, एकल महिला भत्ता जस्ता सामाजिक सुरक्षाका कार्यहरू क्रमशः विस्तार गर्दै लैजाने र भविष्यमा सुरक्षा कर लगाउने तर्फ अध्ययन चालु रहेको सन्दर्भमा सामाजिक सुरक्षाको व्यवस्था सुरु नहुँदासम्मको अवधिमा पारिश्रमिक आय आर्जन गर्ने करदाताहरूबाट करयोग्य आयको पहिलो स्ल्याब (Slab) मा एक प्रतिशत कर लगाउने प्रस्ताव अघि सारेको देखिन्छ (अर्थ मन्त्रालय : २०६६)। आर्थिक र सामाजिक रूपमा जोखिममा रहेका जनता सामाजिक मर्यादा र आर्थिक उन्नति उच्च राख्ने उद्देश्य राखेर आजको सभ्य समाज र कल्याणकारी राज्यको संयुक्त प्रयास नै सामाजिक सुरक्षा हो। यस्तो जोखिममा रहेका जनसङ्ख्या धेरै नै छ। यो माथि उल्लेख गरेको स्रोतमात्र पर्याप्त भने छैन तर पनि यो कुरालाई आर्थिक ऐनले समेटेबाट केही मात्रामा सामाजिक सुरक्षाका क्षेत्रमा आशाका किरण भने पलाएका छन्। यो सन्दर्भलाई आर्थिक ऐनले समेट्ने क्रममा आर्थिक ऐन २०६९ ले आय कर २०५८ को अनुसूची १ बमोजिम एक व्यक्ति तथा दम्पत्तिबाट असुल गरिने एक प्रतिशत रकम छुट्टै राजस्व खातामा जम्मा गर्ने भनी उल्लेख भएको छ। आर्थिक ऐन २०६९ ले आयकर २०५८ को अनुसूची १ को दफा १ बमोजिम एक व्यक्तिको वार्षिक रू. एक लाख साठी हजार सम्मको रोजगारीको आयमा एक प्रतिशतका दरले र दम्पत्तिको हकमा वार्षिक दुई लाखसम्म रोजगारी आएमा एक प्रतिशतका दरले कर लगाउने र उक्त रकम भुक्तानी दिँदा समयमा अग्रिम रूपमा कटाउनु पर्ने व्यवस्था रहेको र उक्त रकम राजस्वको छुट्टै खातामा जम्मा गर्नुपर्ने व्यवस्था छ (अर्थमन्त्रालय : २०६९) भने आर्थिक वर्ष २०७४/७५ को बजेट वक्तव्यमा आयको स्ल्याब बढाएर एकल व्यक्तिको हकमा रू. तिन लाख पचास हजार र दम्पत्तिको हकमा रु. चार लाख पुऱ्याएको छ (बजेट वक्तव्य, २०७४/७५)।

मानव जन्मजातै स्वतन्त्र प्राणी हो। ऊ आफ्नो स्वतन्त्रताका लागि सधैँ सचेत रहन्छ भने मर्यादित भएर पनि बाँच्न चाहन्छ। सभ्य समाजमा यी दुवै कुरा अपरिहार्य तत्त्व पनि हुन्। सभ्य समाजमा हुने खाने मानिसले आर्थिक रूपमा असुरक्षित जनतालाई विभिन्न ढंगले सहयोग गरिरहेका पनि हुन्छन्। विश्वका विकसित भनेर चिनिने देशहरूमा सामाजिक सुरक्षा भत्ता बलियो हुन्छ। कम विकसित देशमा यो कमजोर हुन्छ। नेपालको सन्दर्भमा भन्ने हो भने वृद्ध भत्ता, निवृत्तिभरण कोष, आधारभूत शिक्षा, निशुल्क आधारभूत स्वास्थ्य, विधुवा भत्ता, असहाय भत्ता जस्ता सामाजिक सुरक्षा भत्ताहरू चलन चल्तीमा छन् भने यिनीहरूले मात्र नेपाली जनतालाई सामाजिक र आर्थिक रूपमा पूर्ण सुरक्षित रहने अवस्था भने छैन वा यो मात्र पर्याप्त हैन। यसका लागि माथि उल्लेख गरिएको करको स्रोत आफैँमा प्रर्याप्त छैन। त्यसैले कर लाग्ने सबै क्षेत्रहरूमा कर पेन्सनको व्यवस्था गर्न सके कर स्रोत पर्याप्त हुने थियो। २०६६ सालको बजेट वक्तव्य मार्फत सुरु भएका सामाजिक सुरक्षा कार्यक्रमहरू २०७३/७४ को बजेट वक्तव्यले सबै नेपालीलाई गुणस्तरीय सामाजिक सुरक्षा उपलब्ध गराउने प्रमुख उद्देश्य राखेको (बजेट वक्तव्य : २०७३/७४) बाट पनि अझ यो क्षेत्रमा उत्साहित हुने ठाउँ प्रशस्तै रहेको विश्लेषण गर्न सकिन्छ।

विगत २०६६/६७ देखि सुरु भएको समाजिक सुरक्षा करको योगदान अनुपातलाई तालिका १ मा देखाइएको छ।

**तालिका १:** कर आयमा सामाजिक सुरक्षा करको योगदान अनुपात

| आर्थिक वर्ष | कर आय | सामाजिक सुरक्षा कर | प्रतिशत |
|---|---|---|---|
| २०६६/६७ | १५९०० | ५४ | ०.३४ |
| २०६७/६८ | १७६१६ | ७४ | ०.४२ |

| | | | |
|---|---|---|---|
| २०६८/६९ | २०१९४ | १५५.५ | ०.७७ |
| २०६९/७० | २५८४६ | १८८ | ०.७३ |
| २०७०/७१ | ३०९१४ | २४४.९९ | ०.७९ |
| २०७१/७२ | ३४८१० | २९२.५८ | ०.८४ |
| २०७२/७३ | ३७७१२ | ३२६.९८ | ०.८७ |
| २०७३/७४ | ३९८७५ | ४१३.६९ | १.०३ |
| २०७४/७५ | ४१७५२ | ५०९.७क | १.२२ |

**नोट :** सबै रकमहरू करोडमा दिइएको छ । *आर्थिक सर्वेक्षण २०७०/०७१, २०७५/७६* अर्थ मन्त्रालय, काठमाडौं, नेपालः नेपाल सरकार ।

क प्रथम आठ महिनाको ।

तालिका १ मा देखाएको सामाजिक सुरक्षा कर वर्तमान समयको नौलो प्रयास हो जुन कर आयमा यसको योगदान प्रतिशत बढ्दो छ । यसले जनताको कर तिर्ने क्षमता बढ्दो अवस्थामा छ र आम्दानी पनि सकारात्मक दिशातर्फ अगाडि बढ्दै छ भन्ने देखाउँछ ।

बजेट वक्तव्य २०७४/७५ ले जेष्ठ नागरिक, एकल महिला, दलित वर्ग, लोपन्मुख आदिवासी र जनजाति एवम् अशक्त, अपाङ्गता भएका नागरिकहरूलाई प्रदान गरिँदै आएको सामाजिक सुरक्षा भत्तालाई निरन्तरता दिएको र यसका लागि ३६ अर्ब विनियोजन गरेको साथै सामाजिक सुरक्षा भत्ता प्राप्त गर्नुपर्ने कुनै पनि लाभग्राही नछुटून् भन्नेतर्फ विशेष सजगता अपनाउने संस्थागत सुदृढीकरण र अनुगमनलाई थप प्रभावकारी बनाई बैंकिङ प्रणालीमार्फत् यस्तो भत्ता वितरण गर्ने व्यवस्था मिलाउने उल्लेख गरेको छ (बजेट वक्तव्य : २०७४/७५) ।

नेपालको सन्दर्भमा सामाजिक सुरक्षा कोषको आयस्रोतमा रोजगारदाताबाट प्राप्त रकम, सरकारबाट प्राप्त रकम, विदेशीहरूबाट प्राप्त सहयोग, विभिन्न दाताहरूबाट प्राप्त रकम, अन्तर्राष्ट्रिय संघ संस्थाबाट प्राप्त अनुदान, सेवा शुल्कबाट प्राप्त रकम र अन्य स्रोतबाट प्राप्त रकम पर्दछ । हाल नेपालमा रोजगारदाताबाट प्राप्त एक प्रतिशत कर सामाजिक सुरक्षा करका रूपमा राज्यले उठाइ रहेको छ । सामाजिक सुरक्षा करले कर राजस्वमा आर्थिक वर्ष २०६६/६७ मा रु. ५४ करोड, २०६७/६८ मा ७४ करोड, २०६८/६९ मा रू. १५५.५ करोड, २०६९/७० मा १८८ करोड, २०७०/७१ मा रू. २४४.९९ करोडको योगदान दिएको छ (अर्थ मन्त्रालय : २०६८) भने आर्थिक वर्ष २०७४/७५ को प्रथम ८ महिनामा ५०९.७ करोड रकम कोषमा जम्मा भएको छ (आर्थिक सर्वेक्षण : २०७५/७६) ।

नेपाल सरकारका लागि सामाजिक सेवा कर अपरिहार्य विषय भएको छ तर यसको आयस्रोत दिगो र फराकिलो हुन नसक्दा एकातिर सङ्कलनमा समस्या भएको छ भने अर्कोतिर सङ्कलित रकमलाई खर्च गर्ने उपयुक्त नीति नहुँदा लक्षित वर्ग लाभान्वित हुन नसकेको तीतो यथार्थ छ । यस्तो समस्या समाधानका लागि सामाजिक सेवा कर सङ्कलनको दायरा फराकिलो पार्नुको विकल्प छैन । यसका लागि उपयुक्त नीतिको आवश्यकता र त्यसको कार्यान्वयनमा जोड दिनुका साथै सम्बन्धित पक्षमा जनचेतना फैलाउने ब्रोसर छपाइ, बुलेटिन छपाइ, प्रेस भेटघाट कार्यक्रम गर्नु पनि जरुरी देखिन्छ । यसको कार्यान्वयनका लागि बिमा कम्पनी, बैंक, यस सम्बन्धी विज्ञहरू आदिसँग सहकार्य गर्नुपनि उत्तिकै जरुरी देखिन्छ । त्यसैगरी राज्यबाट सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने र नगर्ने वर्ग भनी छुट्याउनु पनि जरुरी हुन्छ । यसले व्यवस्थापनमा सहयोग पुर्‍याउँछ । त्यसैगरी भत्ता उपलब्ध गराउँदा उपयुक्त तथ्याङ्कको पनि आवश्यकता पर्छ भने यसमा पारदर्शिता पनि खाँचो पर्छ ।

## निष्कर्ष

सामाजिक सुरक्षा करले कर राजस्वमा आर्थिक वर्ष २०६६/६७ मा रु. ५४ करोड, २०६७/६८ मा ७४ करोड, २०६८/६९ मा रू. १५५.५ करोड, २०६९/७० मा १८८ करोड, २०७०/७१ मा रू. २४४.९९ करोड योगदान दिएको र आर्थिक वर्ष २०७४/७५ को प्रथम ८ महिनामा ५०९.७ करोड कोषमा जम्मा हुन पुगेबाट यसको महत्त्व र योगदान बढ्दै गएको देखिन्छ । सामाजिक सुरक्षा कर वर्तमान समयको नौलो प्रयास हो जुन कर आयमा यसको योगदान प्रतिशत बढ्दो छ । यसले जनताको कर तिर्ने क्षमता बढ्दो छ र आम्दानी पनि सकारात्मक दिशातर्फ अगाडि बढ्दै छ भन्ने देखाउँछ भने यसको आयस्रोत दिगो र फराकिलो हुन नसक्दा एकातिर सङ्कलनमा समस्या भएको छ भने अर्कोतिर सङ्कलित रकम खर्च गर्ने उपयुक्त नीति नहुँदा लक्षित वर्ग लाभान्वित हुन नसकेको तीतो यथार्थ छ । यस्तो समस्या समाधानका लागि सामाजिक सेवा कर सङ्कलनको दायरा फराकिलो पारेर यसको योगदानलाई बढाउनुको विकल्प छैन ।

## सन्दर्भग्रन्थ सूची


अधिकारी, चन्द्रमणि, (२०६८). *नेपालमा कर कानुन.* काठमाडौं : पैरवी प्रकाशन ।

अर्थमन्त्रालय, (२०६५). *आर्थिक ऐन.* काठमाडौंः नेपाल सरकार ।

अर्थमन्त्रालय, (२०६६). *आर्थिक वर्ष २०६६/६७ को बजेट* वक्तव्य. काठमाडौः नेपाल सरकार ।

अर्थमन्त्रालय, (२०६८). *आर्थिक सर्वेक्षण २०६८/६९.* काठमाडौंः नेपाल सरकार ।

अर्थमन्त्रालय, (२०६९). *आर्थिक वर्ष २०६९/७० को बजेट व* वक्तव्य. काठमाडौः नेपाल सरकार ।

अर्थमन्त्रालय, (२०७३). *आर्थिक सर्वेक्षण २०७०/०७१.* काठमाडौ : नेपाल सरकार ।

अर्थमन्त्रालय, (२०७४). *आर्थिक वर्ष २०७४/७५ को बजेट* वक्तव्य. काठमाडौं : नेपाल सरकार ।

अर्थमन्त्रालय, (२०७६). *आर्थिक सर्वेक्षण २०७५/७६.* काठमाडौं : नेपाल सरकार ।

कानुन किताब व्यवस्था समिति, (२०६३). *नेपालको अन्तरिम संविधान,२०६३.* काठमाडौं : नेपाल सरकार ।

ज्ञवाली, बाबुराम, (२०६८). *कौटिलीय अर्थशास्त्र र शुक्रनीतिका अर्थव्यवस्थाहरू तथा तिनीहरूमा राजकीय कोष एवम् त्यसको उपयोग* (विद्यावारिधी अप्रकाशित शोधपत्र). नेपाल संस्कृत विश्व विद्यालय. काठमाडौमा प्रस्तुत ।

लुइटेल, तिलकप्रसाद, (२०६८). *कौटिलीय अर्थशास्त्र.* काठमाडौंः विद्यार्थी पुस्तक भण्डार ।

श्रेष्ठ, इन्दिरा, (२०७४). *सामाजिक सुरक्षा करःआर्थिक अध्ययन. R.R Interdisciplinary Journal, 1* (1), 1-9. Author.

Agrawal, G. R. (2037). *Resource mobilization in Nepal.* Kathmandu: Center for Economic Development and Administration.


❑